# रम्भा गाउँपालिकाको एकिकृत घुम्ति शिविर २०७१ संपन्नताको

## प्रतिवेदन



CamScanner

परिचयः लुम्बिनी प्रदेशको १६ वटा जिल्ला मध्येको पाल्पा जिल्ला पनि एक हो । यहाँ १० वटा स्थानीय निकायहरु मध्ये रम्भा गाउँपालिकामा पाँच वडाहरु छन् ।नेपालको पहाडी भू- भाग ६८% को केहि हिस्सा यसले ओगटेको र यसको क्षेत्रफल ९४.१२ वर्ग किलो मीटर छ । यहाँको जनसंख्या रहेको भएता पनि अधिकांश वस्तीमा जन जातीहरुको बाहुल्यता रहेको छ ।

नेपालको संविधान २०७२ ले आधारभूत स्वास्थ्य सेवाको सम्पूर्ण जिम्मेवारी स्थानीय निकायलाई प्रदान गरेको भएता पनि सिमित स्रोत साधन, भौगलिक विकटता हाम्रो लागि चुनौतीको रुपमा रहेको छ । पालिका भित्र आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने १ प्राथमिक स्वास्थ्य केन्द्र, ४ स्वास्थ्य चौकी, ५ सामुदायिक स्वास्थ्य इकाई, १ आयुर्वेद औषधालय र १ नागरिक आरोग्य केन्द्र रहेका छन् । समुदायमा आधारभूत स्वास्थ्य सेवा को मुख्य कार्यहरु प्रतिकारात्मक,प्रर्वद्धनात्मक,उपचारात्मक,प्रशामक र आयुर्वेद सेवा पुर्याउनको लागि यी १२ वटा स्वास्थ्य संस्याहरु लागि परेको अवस्था छ ।

रम्भा गाउँपालिकाले यस आ.व.०७९-८० को वार्षिक नीति तथा कार्यक्रम मा स्वास्थ्य सेवाको साथसाथै पालिका र वडा कार्यालयका कलस्टर वाईजका सेवाहरु पनि एकिकृत गरि रम्भावासी सम्पूर्ण जनताहरुलाई घुम्ती सेवा हरेक वडामा १-१ दिन निशुल्क एकिकृत घुम्ती शिविर गरि अभियानको रुपमा लैजानको लागि वजेट तथा कार्यक्रमको व्यवस्था भए अनुरुप एकिकृत घुम्ती शिविर सञ्चालनको कार्यक्रम कार्यान्वयनको लागि प्रस्तावित योजना अनुरुप मितिः२०७९-०९-०१ देखि ऐ ५ सम्ममा ५ वटै वडामा सफलतापूर्वक संपन्न भएको । पाँच दिने अभियानको क्रममा शिविर सञ्चालनका मूख्य उद्देश्यहरु यस प्रकार थिए ।

मूख्य उद्देश्यहरुः

- व्यापक जनसहभागिता गराई उपलव्धिमूलक गराउने ।
- आधारभूत स्वास्थ्य सेवा प्रतिकारात्मक,प्रर्वद्धनात्मक,उपचारात्मक, र आयुर्वेद सेवामा (महिलाहरुको प्रजनन् रुग्णता, सवै रोगहरुको जाँच,उपचार,परामर्श, पाठेघरको मुखको क्यान्सर VIA जाँच, पाठेघर खसेकोमा रिङ्ग प्रेसरी राख्ने, सेतो पानी वग्ने तथा यौन रोग समस्याको उपचार, प.नि.साधन आइ.यू.सि.डि.र इम्पलान्ट राख्ने तथा झिक्ने, भिडियो एक्स-रे सेवा, प्रयोगशाला सेवा,आखाँ जाँच, उपचार,परामर्श र प्रेषण, मोती विन्दूको स्क्रेनिङ् निदान भएकाहरुको लागि निशुल्क अप्रेसनको लागि योजना पालिका स्तरमा, विद्यार्थीहरुको लागि जाँच गर्दा चश्मा आवश्यक भएमा निशुल्क उपलव्ध गराउने, स्तनपान गराई रहेका आमाहरुको लागि सतावरी चूर्ण वितरण र सवै रोगहरुको जाँच,उपचार,परामर्श र प्रेषण)
- गरिवी परीचय पत्र वितरण । (सूचीकृत भई प्रमाणिकरण भएकाहरुको लागि)
- शिक्षा (छात्रवृती वितरण (गरीव तथा असाहय विद्यार्थीहरुको लागि ।)
- कृषि (कृषि प्रविधि संवन्धि सल्लाह तथा परामर्श र वीऊ विजन वितरण )
- पशु पन्क्षी (पशु पन्क्षी संवन्धि सल्लाह तथा परामर्श र औषधी वितरण)
- महिला, वालबालिका तथा जेष्ठ नागरिक (अपाङ्ग परिचय पत्र वितरण र जेष्ठ नागरिक परिचय पत्र वितरण)
- योजना तथा भौतिक पूर्वाधार (योजना सम्झौता तथा योजना संवन्धि अन्य काम)

माथि उल्लेखित उद्देश्यहरु पुरा गर्नका लागि शाखा वाईज जिम्मेवारी तोकिएको, साझेदार एवं सहयोगी संस्थाहरुः नेपाल परिवारनियोजन संघ,पाल्पा शाखा, लायन्स लाकौल आँखा अस्पताल,पाल्पा संग समन्वय गरिएको, पालिकाका सवै जन प्रतिनिधिहरु,नेपाल सरकारका सवै राष्ट्र सेवक कर्मचारी,शिक्षक,सुरक्षा कर्मिहरु,पत्रकार एवं सञ्चार कर्मिहरु,म.स्वा.स्वयं सेवीकाहरु, पोषण सहयोगी सहजकर्ताहरु र आम सेवाग्राही महानुभावहरुको सहयोग एवं इफोर्टमा संपन्न भएको र रम्भावासी ७१८३ जनाले शिविरवाट लाभ लिएकोले सहयोगी सवै प्रति धन्यवाद तथा आभार प्रकट गर्दछु ।

## निशुल्क एकिकृत घुम्ती शिविर व्यवस्थापनमा आर्थिक पक्ष र कार्य प्रगति विवरणः

एकिकृत घुम्ती शिविरको लागि आ.व. गा.पा. चालुमा वजेट रु.१०,००,०००।-वजेट व्यवस्थापन भएको र अनुमानित खर्चको लागि खर्च शीर्षक वाईज रु. १०,००,०००।- को प्रस्तावना पत्र स्वीकृत गराई कार्यक्रम गरिएको तथा शिविर कार्यान्वयनमा भएको कुल खर्च रु.१०,०१,८५१ ।- शिविरको स्वीकृत प्रस्तावना पत्र, शिविरको खर्च फाँटवारी विवरण शिविरको कार्य प्रगति तथ्यांकिय विवरण र कार्य सम्पादनहरुको क्रमका केहि तस्विरका झलकहरु यसै संक्षिप्त प्रतिवेदनको साथमा पेश गरेको छु ।

प्रतिवेदन पेश गर्नेः............................


शिव प्रसाद अर्याल

रम्भा गाउँपालिका स्वास्थ्य शाखा एवं एकिकृत घुम्ती शिविर व्यवस्थापन संयोजक

CamScanner





निशुल्क एकिकृत घुम्ती शिविर २०७९ पुष ०१ गते रम्भा-३ को पिपलडाँडाको स्वास्थ्य चौकीवाट शुभारम्भ सो अवसरमा पालिका अध्यक्ष  श्री विष्णु प्रसाद भण्डारी ज्यूवाट शुभारम्भको मन्तवय राख्दै गर्दा ।



कृत घुम्ती शिविर २०७९ पुष ०१ गते रम्भा-३ को पिपलडाँडाको स्वास्थ्य चौकीमा शिविर सफलताको लागि सवै क्षेत्रको सहयोग रह्रे र उपलव्धिमूलक हुने विश्वास प्रकट गर्दै प्रमुख प्रशासकीय अधिकृत  श्री भक्त जङ्ग राना ।



शिविरमा आँखा जाँच सेवा ।



शिविरमा आँखा जाँच पश्चात निशुल्क औषधीहरु वितरण ।



CamScanner

शिविरमा साझेदार एवं सहयोगी संस्था लायन्स लाकौल आँखा अस्पताल तानसेनका अस्पताल सञ्चालन तथा व्यव. समितिका अध्यक्ष श्री वुद्धि प्रसाद शर्मावाट मानविय सहयोग संवन्धमा प्रकाश पार्दै ।



शिविरमा रम्भा गाउँपालिका, शिक्षा शाखावाट गरीव तथा जेहेन्दार विद्यार्थीलाई शैक्षिक सामाग्रीहरु वितरण गर्दै ।



CamScanner

शिविरमा आयुर्वेद स्वास्थ्य सेवा प्रदान गर्दै कविराज ।



शिविरमा मे.अ. द्वारा भिडियो एक्स-रे सेवा प्रदान गर्दै ।(डा.विकास पन्थी)



CamScanner

शिविरमा निशुल्क प्रयोगशाला जाँच



शिविरमा निशुल्क औषधी वितरण गर्दै स्वास्थ्य कर्मिहरु ।



CamScanner

शिविरमा मे.अ. द्वारा पौढ महिलाहरुको प्रजनन् रुग्णता स्वास्थ्य सेवा प्रदान गर्दैं ।




शिविरमा मे.अ. द्वारा महिलाहरुलाई प्रजनन् स्वास्थ्य सेवा प्रदान गर्दैं ।



CamScanner

शिविरमा विबिध एकिकृत सेवा पशु पन्क्षी,कृषि,योजना सम्झौता,अपाङ्ग,जेष्ठ नागरिक र गरिवी परीचय पत्र वितरण कार्य



शिविर २०७९-०९-०५ गते ताहूमा ।



CS CamScanner

शिविरमा व्यापक जनसहभागिता ।



शिविरको अन्तिम दिन २०७९-०९०५ मा सेवा प्रदायक टिमलाई पालिका उपाध्यक्ष राधा कुमारी श्रेष्ठ ज्यूवाट विदाई गर्दै ।




CamScanner

## एकीकृत घुम्ती शिविर कार्यक्रमको दैनिक सेवा प्रवाहको प्रगति रिपोर्ट

प्रस्तुत विषयमा रम्भा गाउँपालिकाको आ.व.०७९-८० को वार्षिक नीति तथा कार्यक्रम अनुरुप एकीकृत घुम्ती शिविर कार्यक्रम मिति २०७९ पुष ०१ देखि ०५ सम्म पाँच वटै वडामा संपन्न हुने र शिविर कार्यक्रमको दैनिक सेवा प्रवाहको प्रगति रिपोर्ट देहाय वमोजिम रहेको पाईयो ।

| क्र.स. | सेवाको सूचकहरु | वडा नं.३ पुष १ गते | | वडा नं.१ पुष २ गते | | वडा नं.२ पुष ३ गते | | वडा नं.४ पुष ४ गते | | वडा नं.५ पुष ५ गते | | जम्मा सेवाग्राही | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. |
| १ | सर्वे रोगहरुको जाँच,उपचार,परामर्श र प्रेषण स्वास्थ्य सेवा | २९९ | १८२ | ३०० | १२१ | २५४ | १६४ | २३६ | १५३ | ३६८ | १८४ | १४५७ | ८०४ |
| २ | ल्याव सेवा | ५३ | १८ | ४३ | १० | ५० | ९ | ४३ | २४ | ४३ | २७ | २३२ | ८८ |
| ३ | पाठेघरको मुखको क्यान्सर VIA जाँच । | ७० | | ९५ | | ४५ | | ४० | | ७९ | | ३२९ | |
| ४ | पाठेघर खसेकोमा रिङ्ग प्रेसरी राखे । | २ | | २ | | | | २ | | १ | | ७ | |
| ५ | सेतो पानी वग्ने तथा योन रोग समस्याको उपचार। | ३५ | | २६ | | १४ | | १५ | | २१ | | १११ | |
| ६ | प.नि.साधन आइ.यू.सि.डि.र इम्पलान्ट राखे तथा झिक्ने । | ८ | | ३ | | १ | | ३ | | ३ | | १८ | |
| ७ | भिडियो एक्स-रे सेवा । | २१ | ४ | ३० | ५ | १३ | १० | ८ | २ | २२ | १३ | ९४ | ३४ |
| ८ | स्तनपान गराई रहेका आमाहरुको लागि सतावरी चूर्ण वितरण आयुर्वेद सेवा | १३ | | ० | | | | १ | | १४ | | २८ | |
| ९ | सर्वे रोगहरुको जाँच,उपचार,परामर्श र प्रेषण आयुर्वेद सेवा | ३२ | ७० | ७० | ४१ | ६२ | १९ | ४० | १७ | ८५ | ९ | २८९ | १५६ |
| १० | मोती विन्दू निदान भएकाहरुका लागि निशुल्क अप्रेसनको लागि प्रेषण | ९ | ७ | १० | ७ | २ | ५ | ७ | ५ | ५ | ५ | ३३ | २९ |
| ११ | आखाँ जाँच, उपचार,परामर्श र प्रेषण । | १०९ | ४९ | १९० | ७४ | १४७ | ८३ | १५० | ८० | १२५ | ९६ | ७२१ | ३८२ |
| १२ | विद्यार्थीहरुको लागि चश्मा निशुल्क उपलव्ध गराईएको | ६ | | १ | | ५ | | ३ | | ३ | ४ | १८ | ४ |
| १३ | छात्रवृती वितरण (गरीव तथा असाहय विद्यार्थीहरुको लागि ।) | ९ | ९ | ८ | ७ | ९ | २ | ७ | ३ | ८ | ४ | ४१ | २५ |
| १४ | कृषि प्रविधि संवन्धि सल्लाह तथा परामर्श र वीउ विजन वितरण | २३१ | | ३१३ | | १८० | | २३५ | | २१० | | ११६९ | |
| १५ | पशु पन्क्षी संवन्धि सल्लाह तथा परामर्श र औषधी वितरण | १३८ | | २१४ | | १०४ | | १८५ | | १९६ | | ८३७ | |
| १६ | अपाङ्ग परिचय पत्र वितरण । | १० | १२ | १ | ४ | ३ | ७ | १० | २ | २ | ६ | २६ | ३१ |
| १७ | जेष्ठ नागरिक परिचय पत्र वितरण । | | | ७ | १६ | १ | १ | ४ | ६ | | | १२ | २३ |
| १८ | सामाजिक सुरक्षा भत्ताको लागि नयाँ दर्ता | | | | | | | | | | | ० | ० |
| १९ | योजना सम्झौता तथा योजना संवन्धि अन्य काम । | १७ | | ४१ | | १५ | | १४ | | २२ | | १०९ | |
| २० | गरिवी परीचय पत्र वितरण | ८ | २ | ८ | २ | २२ | १५ | ५ | ३ | १० | १० | ५३ | ३२ |
| | जम्मा सेवाग्राही | १४२३ | | १६४९ | | १२४२ | | १२९४ | | १५७५ | | ७१८३ | |

पेश गर्नेको दस्तखत.................. ***

शिव प्रसाद अर्याल

स्वास्थ्य शाखा

| | |
|---|---|
| VIA Pos. Hungi: 5 | VIA Pos.Humin: 3 |
| VIA Pos.Phoksingkot: 0 | VIA Pos.Tahu: 4 |
| VIA Pos.Pipaldanda: 2 | |

प्रमाणित गर्नेको दस्तखत....................

भक्त जङ्ग राना

प्रमुख प्रशासकीय अधिकृत

## Target population of Rambha Rural Municipalty ,Palpa Facial years 079/80 ,2079 sharwan to 2080 Asar

| Organisation Health Unit Name | Total populattion | Total Expected Live Birth | Total Expected Pregnancies | Population Under 1 Yrs | Population Aged 6-59 Months | Nutration 12-59 Months | Nutration 0-23 Months | Married Female Population Aged 15-49 | Female Population Aged 15-49Yrs | Adolescent population 10-19 Yrs |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Rambha Health | 17448 | 320 | 411 | 321 | 1436 | 1276 | 642 | 4180 | 5209 | 2805 |
| Tahoon PHC | 3336 | 62 | 79 | 61 | 275 | 244 | 122 | 808 | 1006 | 541 |
| Hungi HP | 5223 | 94 | 121 | 96 | 430 | 382 | 193 | 1227 | 1529 | 833 |
| Pipal Danda HP | 4497 | 82 | 106 | 83 | 370 | 329 | 165 | 1075 | 1340 | 721 |
| Phoksing kot HP | 2602 | 50 | 64 | 48 | 214 | 190 | 96 | 654 | 815 | 423 |
| Humin HP | 1790 | 32 | 41 | 33 | 147 | 131 | 66 | 416 | 519 | 287 |

CamScanner